# आठविसकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## आठविसकोट, रुकुम(पश्चिम )

## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मिति : २०७५/०७/१८

पत्र संख्या : २०७५/०७६

चलानी नम्बर :

## अनुमति रद्द गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०७५।०७।१८)

नगर शिक्षा ऐन, २०७४ को दफा ३९ र नगर शिक्षा ऐन, २०७४ को दफा ५१ को उपदफा (२) को बुँदा नं. ल. ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट पारित आठविसकोट नगरपालिका शिक्षा सुधार कार्य योजना, २०७४ को खण्ड ११ (ङ) विपरित साविक जिल्ला शिक्षा कार्यालय, रुकुमबाट ट्युशन तथा कोचिङ कक्षा सञ्चालनको लागि सञ्चालक शर्मिला के.सी. (शाही) भई गुणस्तरिय शिक्षण सिकाई केन्द्रले लिएको अनुमति नवीकरण नगरी रद्द गर्ने भनि नगर कार्यपालिकाको मिति २०७५।०७।१७ र ऐ १८ गते बसेको बैठकले निर्णय (निर्णय नं. ३ को क.) गरेकोले सोही निर्णयानुसार गुणस्तरिय शिक्षण सिकाई केन्द्रले बाल विकास केन्द्रदेखि कक्षा १० सम्मका विद्यार्थीलाई केन्द्रित गरी ट्युशन तथा कोचिङ कक्षा सञ्चालन गर्न प्राप्त अनुमति रद्द गरिएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।साथै अब उप्रान्त सो संस्थाको नामबाट माध्यमिक तहसम्मका विद्यार्थीहरुलाई केन्द्रित गरी कुनै पनि प्रकारका ट्युशन तथा कोचिङ कक्षा सञ्चालन नगर्नु तथा नगराउनु हुन निर्णयानुसार जानकारी गराईन्छ । अनाधिकृत रुपमा सञ्चालन गरिएका एवम् हुने सबै किसिमका ट्युशन तथा कोचिङ सेन्टरहरु बन्द गर्ने नगरपालिकाको नीति अनुरुप कोही कसैले अब उप्रान्त ट्युशन तथा कोचिङ कक्षा नगरपालिकाको अनुमति बेगर सञ्चालन गरेको पाईएमा रु ५०,०००।०० जरिवाना गरी कानून बमोजिमको थप कारवाही गरिने व्यहोरा समेत यसै सूचना मार्फत अवगत गराईन्छ ।

रामबहादुर के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत